**स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ र प्रचलित कानुन बमोजिम सिरहाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश।**

सिरहा जिल्लामा कोभिड १९ संक्रमणको जोखिम समुदायस्तर सम्म फैलन लागेको अवस्था रहेको । लहान, गोलबजार, मिर्चैया, धनगढीमाई, सुखिपुर, कल्याणपुर, सिरहा नगरपालिका र विष्णुपुर गाउँपालिका लगायतका स्थानीय तहहरुमा कोभिड १९ को संक्रमितहरुको संख्या बढ्दो क्रममा रहेको । सिरहा जिल्ला नेपाल भारत खुला सीमामा अवस्थित रहेको । सिरहा जिल्लामा २०७७ साल श्रावण ३२ गतेको दिनमा कोभिड १९ को ५८ जनामात्र पोजेटिभ व्यक्तिहरु रहेकोमा २०७७ साल भाद्र १४ गतेका दिन १५० जनामा कोभिड १९ को पोजेटिभ केश देखिएको । हालसम्ममा यस जिल्लामा ७ जनाको दुःखद निधन भएको ।

यस विचमा संक्रमण न्यूनीकरण गर्न अन्य उपायका अतिरिक्त मानिस मानिस विचको दुरी कम गर्न यहि २०७७ साल श्रावण ३२ गतेको राती १२:०० बजेदेखि २०७७ साल भाद्र १५ गते राती १२:०० बजेसम्म प्रमुख जिल्ला अधिकारीबाट अती आवश्यकीय काम बाहेक सिरहा जिल्लाभरका लागि निषेधाज्ञा जारी भएको ।

यस अवधिमा कोभिड १९ को संक्रमण जोखिम न्यूनीकरण गर्न कोभिड १९ को परिक्षणको दर र दायरा बढाइएको, आइसोलेशन कक्षहरुको विस्तार तथा अस्पतालमा प्रविधि थप्ने लगायतका कामहरुको गृहकार्य भै कार्यारम्भ भैरहेको ।

उपरोक्त पृष्ठभुमीमा **अझैपनि संक्रमण समुदाय स्तरमा फैलिरहेकोलाई न्युन गर्न आवश्यक देखिएको हुँदा यहि २०७७ साल श्रावण ३२ गते देखि कायम रहेको निषेधाज्ञालाई सिरहा जिल्लाभरको लागि निरन्तरता दिदै आज २०७७ साल भाद्र १५ गते राति १२:०० बजेदेखि ऐ भाद्र २७ गते राती १२:०० बजेसम्मको लागि अत्यावश्यकीय सेवा र काम बाहेक देहायका काम गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ बमोजिम निषेधाज्ञा जारी गरिएको छ।**

**यसमा सहयोग पुर्याईदिन सम्बन्धित सबैमा अनुरोध छ।**

तपसिल :

क. अत्यावश्यकीय काम नपरी बाहिर ननिस्कने । अति आवश्यक काम परेर बाहिर निस्कनु परेमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड(मास्कको अनिवार्य प्रयोग गर्ने, साबनु पानीले बारम्बार हाथ धुने, स्यानिटाइजको प्रयोग गर्ने) पालना गरेर मात्र बाहिर निस्कने ।

ख. कुनैपनि संस्था, निकाय वा व्यक्तिले **सार्वजनिक भेला, मेला लगाउने, भोज वा जमघटको आयोजना नगर्ने । धार्मिक स्थलहरुमा भेला तथा जमघट नगर्ने । आ-आफ्नो धार्मिक पर्वहरु घर भित्र नै मनाउने ।**

ग. **हाटबजार नलगाउने ।**

घ. सार्वजनिक सवारी साधनहरु नचलाउने ।

देहायका कामहरु स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड र प्रोटोकल पालना गर्ने गरी तपशिल अनुरुपमात्र गर्ने गराउने :

क. अति आवश्यक खाद्यान्न, ग्याँस, तरकारी, फलफुल तथा मासु जस्ता सेवा प्रदान गर्ने पसलहरु विहान ५:०० बजेदेखि विहान ९:०० बजेसम्ममात्र संचालन गर्ने ।

ख. बैंक तथा वित्तिय संस्थाहरु विहान १०:०० बजेदेखि मध्यान्ह १:०० बजेसम्म मात्र संचालन गर्ने ।

ग. सरकारी सार्वजनिक तथा गैरसरकारी क्षेत्रका कार्यालयहरुले आन्तरिक कार्य सम्पादन गर्ने । त्यस्ता निकायका पदाधिकारी वा कर्मचारीहरुले सम्बन्धित निकायबाट जारी आधिकारीक परिचयपत्र देखाई विहान ९:०० बजे देखि १०:३० बजे सम्म र साँझ कार्यालय समयको आधा घण्टा पहिले र आधा घण्टा पछिसम्म आवत जावत गर्न पाइने ।

घ. उद्योग/कलकारखाना, कृषि क्षेत्रमा स्वास्थ्य र सुरक्षा सावधानी अपनाई उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट जारी मापदण्ड एवंम प्रोटोकल पुरा गरी आफ्नो उद्योग परिसर भित्रै कार्य गर्ने ।

ङ. अस्पताल, औषधी पसल, एम्बुलेन्स, बारुणयन्त्र, विद्युत, दुरसञ्चार, इन्टरनेट सेवा, दुध तथा पानी ढुवानी एंवम तत्सम्बन्धी सेवा सुचारु रहने । साथै स्वास्थ्य कार्यालयबाट नियमितरुपमा संचालन हुने कार्यक्रमहरु जस्तै नियमित खोप कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य सेवा, परिवार नियोजन कार्यक्रमहरु ।

च. कोभिड १९ संक्रमित बाहेकका आकस्मिक विरामीलाई जुनसुकै सवारी साधनमा अस्पताल लैजान सकिने ।

छ. हरेक स्थानीय तहले VTM खरिद गरि स्वास्थ्य कार्यालय एवं सिरहा तथा लहान अस्पताल सँग समन्वय गरि संक्रमित व्यक्ति/समुदायको कोरोना संक्रमण सम्बन्धमा परीक्षणको दर र दायरा बढाउन अनुरोध गर्ने ।

ज. हरेक स्थानीय तहमा साविकमा हाटबजार लाग्ने दिनहरुमा अत्यावश्यकीय बाहेकका कुनैपनि पसलहरु नखोल्ने । अति आवश्यकीय पसलहरु बाहेकका विहान ८:०० बजे देखि विहान ११:०० बजेसम्म तपसिल शर्तहरु पालना गर्ने गरी मात्र संचालन गर्ने ।

शर्तहरु :

२०७७/५/१५

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

१. विक्रेताले अनिवार्यरुपमा मास्क, पञ्जा लगाएको हुनु पर्ने ।
२. विक्री स्थलमा विक्री गर्ने दुरी कम्तिमा २ मिटर कायम गरी आलोपालो गरी विक्री गर्ने व्यवस्था भएको हुनु पर्ने ।
३. क्रेताले अनिवार्य रुपमा मास्क लगाएको भएमा मात्र खरिद विक्री गर्ने स्थानमा प्रवेश गराउने ।
४. विक्री स्थल अगाडि हाथ धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था भएको हुनु पर्ने ।
५. यसका लागि संवद्ध उद्योग वाणिज्य संघ, व्यपारिक संस्था र स्थानीय तहहरुले अनुगमन गर्ने तथा सुरक्षा निकायले नियमन गर्ने ।

झ. जारी निषेधाज्ञालाइ प्रभावकारी तुल्याउन र क्वारेन्टिनहरु समेत मापदण्ड अनुरुप तुल्याउन सवै स्थानीय तहलाई अनुरोध गर्ने।

मिती : २०७७।०५।१५

(प्रदीपराज कणेल)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी